ऐन नं. १
२०७५

# लेकवेशी नगरपालिकाको विनियोजन ऐन , २०७५

तेस्रो नगरसभाबाट स्वीकृत मिति : – २०७५।३।१४

प्रमाणीकरण गर्ने
श्री गगनसिं सुनार
(नगर प्रमुखं )
दस्तखतः–

नगरसभामा पेश भएको मिति - २०७५।३।१०
नगर सभाबाट स्वीकृत भएको मिति - २०७५।३।१४
प्रमाणीकरण भएको मिति - २०७५।३।२०

## लेकबेशी नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## कल्याण , सुर्खेत

# लेकबेशी नगरपालिकाको विनियोजन ऐन ,२०७५

**(लेकबेशी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन , २०७५)**

**प्रमाणीकरण गर्ने**
**श्री गगनसिं सुनार**
**(नगर प्रमुखं )**
**दस्तखतः–**

**नगरसभामा पेश भएको मिति - २०७५।३।१०**
**नगर सभाबाट स्वीकृत भएको मिति - २०७५।३।१४**
**प्रमाणीकरण भएको मिति - २०७५।३।२०**

**प्रस्तावना:** लेकबेशी नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम लेकबेशी नगरपालिकाको तेस्रो नगर सभाले यो ऐन बनाएको छ।

१.**संक्षिप्त नाम र प्रारम्भ: (१)** यस ऐनको नाम " लेकबेशी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२.**आर्थिक वर्ष २०७५।०७६को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त लेकबेशी नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३८५९७१०००।- (अक्षेरुपी अठ्तीस करोड उनान्साठी लाख एकहत्तर हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि लेकबेशी नगरपालिका क्षेत्र भित्र खर्च गर्ने भनि विभिन्न राष्ट्रीय तथा अन्तर्राष्ट्रीय गैर सरकारी सँस्थाबाट प्राप्त हुन आएको रकम अनुसुची -२ मा उल्लेख गरिएको छ। यो रकम संस्थाले पेश गरेको कार्यक्रममा कार्यपालिकाको निर्णय बमोजिम कार्यान्वयन हुनेछ।

३. **विनियोजन: (१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त लेकबेशी नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा लेकबेशी नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ रकमान्तर गर्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम, ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकमान्तर गर्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चित कोषबाट विनियोजन हुने रकम

## लेकबेशी नगरपालिकाको आ.व. २०७५।०७६ को लागी प्रस्ताव गरिएको

वार्षिक बजेट (आय-व्यय) को विवरण

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| सि.नं. | वित्तिय श्रोत | आम्दानी रु | शिर्षकको नाम | चालु | पूँजीगत | कुल जम्मा |
| १ | आन्तरिक स्रोत | ४,८००,००० | नगरपलिका योजना/चालु खर्च | ५१५,००० | १,७८५,००० | २,३००,००० |
| | | | वडागत योजना | ० | २,५००,००० | २,५००,००० |
| २ | संघीय राजश्व | ७६,४६४,००० | नगरपालिका स्तरीय चालु/ योजना | ६१,७७३,५०० | १४,६९०,५०० | ७६,४६४,००० |
| ३ | संघीय समानिकरण | १०५,५००,००० | नगर स्तरीय योजना | | ४९,५००,००० | ४९,५००,००० |
| | | | वडा स्तरीय योजना | | ५६,०००,००० | ५६,०००,००० |
| ४ | प्रदेश सरकार राजश्व | ५३८,००० | नगरपालिका स्तरीय चालु/ योजना | ५००,००० | ३८,००० | ५३८,००० |
| ५ | प्रदेश समानिकरण | ५,२६९,००० | नगरपालिका स्तरीय चालु/ योजना | | ५,२६९,००० | ५,२६९,००० |
| ६ | संघीय सरकार शसर्त | १४८,४००,००० | विषय गत कुल | १२०,५४९,००० | २७,८५१,००० | १४८,४००,००० |
| ७ | संघिय सरकार सा.सु अनुदान | ४५,०००,००० | सामाजिक सुरक्षा भत्ता | ४५,०००,००० | | ४५,०००,००० |
| | | | | | | |
| | कूल जम्मा रु.... | ३८५,९७१,०००।०० | कूल जम्मा रु.. | २२८,३३७,५००।०० | १५७,६३३,५००।०० | ३८५,९७१,०००।०० |

अनुसूचि-२

(दफा २ को उपदफा(१) संग सम्बन्धित)

## लेकबेशी नगरपालिकाको आ.व. २०७५।०७६ को लागी राष्ट्रीय तथा अन्तर्राष्ट्रीय गैर सरकारी

| क्र.सं. | संस्थाको नाम | कार्यक्रमको नाम | बर्षिक बजेट |
|---|---|---|---|
| १ | समाज जागरण केन्द्र ( स्याक नेपाल) सुर्खेत | दीगो तथा मर्यादित समाज आर्थिक सशक्तिकरण | ५९५४८५।- |
| | | किशोर किशोरिका लागी सशक्तिकरण | ४९९५७८।- |
| | | एकिकृत जलश्रोत व्यवस्थापन (पूर्ण सरसफाई) | १३९९१९०।- |
| २ | USAID/ स्याक नेपाल | सुआहारा कार्यक्रम | १३११३००।- |
| ३ | अपाँग सशक्तिकरण केन्द्र कर्णाली प्रदेश | अपांगहरुको सशक्तीकरण | ४००००।- |
| | | अपांगहरुको सामाजवक समावेशीकरण | ४५०००।- |
| | | सामाजिक सहजकर्ता पारिश्रमिक | १५६०००।- |
| | | अपांगहरुको आयआर्जन | १४५०००।- |
| | | अपांगहरुको स्वास्थ्य परिक्षण | ६५०००।- |
| | | अपांगहरुको शिक्षा कार्यक्रम | ४५०००।- |
| ४ | यूवालय ज्वागल ललितपुर | किशोर किशोरीको सहभागिता कार्यक्रम | ४४६००।- |
| ५ | सगोल सँस्था कास्की | विपद् व्यवस्थापन | १२४६०००।- |
| ६ | सुन्दर नेपाल संस्था | कृषि सम्बन्धि | ७३६७४५।- |
| | | औषधिजन्य तथा सुगन्धित विरुवाहरुको क्षेत्रमा एकिकृत कार्यक्रम | ४१८७५०।- |
| | | खानेपानी सरसफाई स्वच्छता तथा पोषण | ६३०००।- |
| | | लघु वित्त तथा वित्तीय सेवा | १४५०००।- |
| | | वन तथा प्राकृतिक श्रोत व्यवस्थापन | ३००००।- |
| | | विपद् जोखिम न्यूनीकरण | १५००००।- |
| | | सुशासन तथा लैंगिक समावेशीकरण | १९००००।- |
| | | जम्मा रु. | ७३२५६४८।- |

**प्रमाणीकरण गर्ने**

श्री गगनसिं सुनार

(नगर प्रमुखं )

दस्तखतः–

नगरसभामा पेश भएको मिति - २०७५।३।१०

नगर सभाबाट स्वीकृत भएको मिति - २०७५।३।१४

**<u>प्रमाणीकरण गर्ने</u>**
**श्री गगनसिं सुनार**
**(नगर प्रमुखं )**
**दस्तखतः–**

**नगरसभामा पेश भएको मिति - २०७५।३।१०**
**नगर सभाबाट स्वीकृत भएको मिति - २०७५।३।१४**
**प्रमाणीकरण भएको मिति - २०७५।३।२०**



गगनसिं सुनार
नगर प्रमुख